वर्ष ६, अंक १
आश्विन, September 2014

# ICAN Newsletter

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

## अध्यक्षको मन्तव्य



नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको १८ औं अध्यक्षको हैसियतमा नेपालको एकाउन्टिङ्ग प्रोफेशनको जिम्मेवारी सम्हाल्न पाउँदा निकै खुसी लागेको छ । म प्रति विश्वास जनाई यस गरीमामय पदमा मलाई निर्बिरोध निर्वाचित गराउनु हुने पार्षद मित्रहरूलाई हृदयबाट धन्यवाद दिन चाहन्छु । मैले अध्ययनका क्रममा तल्लो तह देखि गरेको मिहेनतले यस अवस्थासम्म पुग्दाको संघर्ष बारेमा मेरा आफन्त तथा शुभ चिन्तकहरूलाई अवगत नै छ । मलाई उपलब्धीको यस अवस्था सम्म पुऱ्याउनमा मेरो परिवार, नातेदार, साथीहरू र बरिष्ठहरूले कठिन समयमा गरेका प्रत्येक उत्साहप्रद सहयोगको लागि आभारी छु । धेरैलाई एकाउन्टिङ्ग प्रोफेशन मेरो अन्तिम लक्ष्य थियो भन्ने थाहा नहुन सक्छ । जब मैले ११ बर्षको उमेरमा कक्षा ५ उत्तीर्ण गरें त्यसबेलानै मनमा चार्टर्ड एकाउन्टेन्ट बन्ने सपना पलाएको थियो । आज प्राप्त भएको यस सम्मानजनक योग्यताले मलाई गौरवान्वित बनाउनुका साथै साच्चै जीवनको उद्देश्य प्राप्त भएको र लेखाव्यवसायमा यो गदान पुऱ्याउने अवसर प्राप्त भएको छ । म भित्रैबाट लेखाव्यवसायलाई सलाम र इज्जत गर्दछु । संस्थाका आदरणीय पूर्व अध्यक्षहरूको अथक प्रयत्नबाट संस्थाले गति लिएको र हालको उचाईमा संस्थालाई पुऱ्याउनु भएकोमा उहांहरूप्रति भित्रैबाट कृतज्ञता ज्ञापन गर्दछु ।

सरोकारवालाहरूको बढ्दो चाहना र बढ्दै गएका चुनौतिहरू प्रति म कार्यरत अध्यक्षको हैसियतमा राम्ररी सचेत छु । लेखाव्यवसायीहरूको नियमनकारी निकायको रूपमा स्थापित यस संस्थाले आफ्ना सदस्यहरूलाई कर्तव्यनिष्ठ, अनुशाशित र पेशाप्रति जवाफदेहीताका साथ आफ्नो व्यवसायिक जिम्मेवारी साथ काम गर्न गराउन नियमनकारी कार्य सम्पादन गर्दै आएको कारणबाट लेखाव्यवसाय प्रति समाजमा उच्च सम्मान कायम राखेको छ । तथापी बोधको कमीको साथै चाहनामा अन्तर, ज्ञानमा अन्तर र केही दुःखद घटनाहरू हिजोपनि रहेको थियो आजपनि रहेकै छ । भविष्यमा चाहना र ज्ञानको अन्तर संस्थाको बढ्दो वकालती भूमिकाले अवश्यपनि विलाउँदै जाने मैले आशा गरेको छु । संस्थाको ब्रान्ड र संस्थालाई सेन्टर अफ एक्सिलेन्सको रूपमा बिकास गर्न मैले आफ्नो बल र प्रयास लगाउने वचनबद्धता व्यक्त गर्दछु ।

### हाम्रो उपाध्यक्ष

मेरो परम मित्र सिए. प्रकाश लम्साल संस्थाको उपाध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई दिन्छु । उहांको नयां सोच र अनुभवबाट संस्था र सम्पूर्ण सदस्यहरू लाभान्वित हुनुको साथै मलाई मेरो जिम्मेवारी वहन गर्नमा सहयोग पुग्ने आशा लिएको छु ।

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले गरेका केही प्रमुख कार्यहरू यहाँहरू संग बाँडने अनुमति चाहन्छु ।**

### नयाँ क्षितिजमा पुग्न रणनैतिक योजना

लेखाव्यवसाय बिस्तारित हुदैं गएको र उल्लेखनीय रूपमा फड्को मार्नु पर्ने हुंदा त्यसको लागि बढी बिचारशील रणनीति र कार्ययोजना आवश्यक पर्दछ । हाल समाज, युवापिढीका लेखाव्यवसायी, सरकार र अन्य सबै सरोकारवालाको अधुरा अपेक्षाहरू पूरा गर्न तदारूखताका साथ कार्य अगाडि बढाउनु पर्दछ । हाम्रो नयाँ उचाईको गन्तव्यमा पुग्न अघि लामोदुरी पार गर्नुपर्ने अवस्था छ । सो तथ्यलाई दृष्टिगत गरिसंस्थाले तयार पारेको पहिलो रणनैतिक योजना २०१४/१५–२०१६/१७ माननीय अर्थमन्त्रीज्यूले २०७१/०४/०२ गते शुक्रबार सार्वजनिक गर्नुभएको छ । यस रणनैतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्न संस्थाका सबै लेखाव्यवसायी सदस्यहरू लगायत परिषदका सम्पूर्ण सदस्यहरूको पूर्ण सहयोग आवश्यक छ । तसर्थ उहाँहरू सबैलाई निर्णय र निकास प्रक्रियामा संगै काम गर्न म आमन्त्रण गर्न चाहन्छु । हामी सबै मिलेर काम गर्यौं भने स्मरणीय काम गर्न सकिन्छ । रणनैतिक योजनाले SWOT लाई आधार बनाई ७ रणनैतिक क्षेत्र तय गरेको छ ।

## सपथ ग्रहण कार्यक्रम

मिति २०७१/०४/०२ गते शुक्रबार छैठौं परिषदको तेश्रो कार्यकालको निमित्त निर्वाचित हुनु भएका संस्थाका नव निर्वाचित अध्यक्ष तथा उपाध्यक्षको पदभार तथा गोपनीयताको शपथ ग्रहण कार्यक्रम सम्पन्न भयो ।



माननीय अर्थमन्त्री डा. रामशरण महत दीप प्रज्वलन गरी कार्यक्रमको विधिवत शुभारम्भ गर्नुहुंदै ।

कार्यक्रमका प्रमुख अतिथि माननीय अर्थमन्त्री डा. रामशरण महतले दीप प्रज्वलन गरी कार्यक्रमको विधिवत शुभारम्भ गर्नुभएको थियो । औपचारिक रूपमा कार्यक्रमको शुभारम्भ भए पश्चात संस्थाका तत्कालीन अध्यक्ष सिए. महेशकुमार गुरागाईले कार्यक्रमका प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि लगायत सम्पूर्ण सहभागीहरूलाई स्वागत गर्दै आफ्नो कार्यकालमा भएका प्रमुख उपलब्धीहरू र कार्यक्रमका बिबिध पक्षहरू बारेमा आफ्नो धारणा राख्नुभएको थियो । उहाँले आफ्नो कार्यकाललाई सफल तथा उपलब्धीमूलक बनाउन सहयोग गर्नुहुने निकायहरू, व्यक्तिहरू, संस्थाका कर्मचारी लगायत सबैलाई धन्यवाद दिनुभएको थियो ।




संस्थाका नव निर्वाचित अध्यक्ष सिए. नरेन्द्र भट्टराईलाई महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यले पदभार तथा गोपनीयताको शपथ गराउनु हुंदै ।

कार्यक्रममा संस्थाका नव निर्वाचित अध्यक्ष सिए. नरेन्द्र भट्टराईलाई महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यले पदभार तथा गोपनीयताको शपथ गराउनु भएको थियो । उहाँले अध्यक्ष पदमा निर्वाचित हुनु पूर्व यस परिषदमा उपाध्यक्षको हैशियतमा आफ्नो जिम्मेवारी सम्हाल्नु भएको थियो । संस्थाका निवर्तमान अध्यक्ष सिए. महेशकुमार गुरागाईले अध्यक्षको पदभार सुम्पने क्रममा अध्यक्षको तक्मा नव निर्वाचित अध्यक्षलाई हस्तान्तरण गर्नुभएको थियो ।

**रणनैतिक योजनाको कार्यान्वयन**

यो रणनैतिक योजनाको प्रमुख उद्देश्य आगामी तीन बर्षसम्मको संस्थाको रणनैतिक बाटो देखाउने र यसलाई बार्षिक योजनाले पुरकको रुपमा कार्य गर्नेछ । ७ रणनैतिक क्षेत्रभित्र ८४ क्रियाकलापहरू समावेश भई तिनको कार्यान्वयन गरिनेछ । रणनैतिक योजना कार्यान्वयनबाट तदर्थरूपमा वा स्वेच्छाकारी रूपमा बार्षिक कार्यक्रम बनाउने प्रचलनको अन्तभई उद्देश्यमुलक र पारदर्शी किसिमबाट गतिबिधि संचालनमा मद्दत पुग्नेछ । सम्बन्धित बिभागलाई क्रियाकलापहरूको कार्यान्चयनको जिम्मेवारी दिई बेलाबेलामा परिषदले अनुगमन गर्नेछ ।

**नयाँ भवनमा सर्ने**

नयाँ भवनमा फ्लोरिङ्ग र फर्निसिङ्गको कार्य भईरहेको छ । संस्था आउँदो जनवरी २०१५ सम्ममा औपचारिक रूपमानै नयाँ भवनमा सर्ने अपेक्षा गरिएको छ ।

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको नियम समिक्षा**

परिषदले बिद्यमान नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली पुर्नवालोकन अध्ययनको लागि एक कार्यदल गठन गरेको छ ।

**सदस्य सेवा**

संस्थाले सधै महत्वका साथ सदस्य सेवा प्रदान गर्दैआएको छ । यस तथ्यलाई मनन गरी संस्थाले मुख्य कार्यालय लगायत संस्थाका पाँचवटा शाखाबाटै सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्था नवीकरण गर्ने व्यवस्था मिलाएको छ ।

**बिद्यार्थी भर्ना तथा परीक्षा केन्द्र**

संस्थाले सधैं महत्वका साथ बिद्यार्थी सेवा प्रदान गर्दै आएको छ । यस तथ्यलाई मनन गरी संस्थाले मुख्य कार्यालय लगायत संस्थाका पाँचवटा शाखाबाटै बिद्यार्थी भर्ना गर्दै आएको र परीक्षार्थीको आवश्यक न्यूनतम संख्या पुगेमा CAP I तथा CAP II तहको बार्षिक परीक्षा शाखाबाटै संचालन गर्ने परीक्षा विकेद्रिकरणको नीतिगत निर्णय गरेको छ ।

**संगठन र व्यवस्थापन सर्भेक्षण**

क्षमतावान कर्मचारी र उपकरण बिना कुनैपनि संस्थाले व्यवसायिक रूपमा राम्ररी कार्य सम्पादन गर्न सक्दैन । संस्थाले यस तथ्यलाई स्वीकार गरी संस्थामा कार्यरत कर्मचारीहरूलाई उत्प्रेरणा प्रदान गर्न, क्षमता विकास र बृत्ति बिकासका अवसरहरू प्रदान गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछन् जसबाट अन्तत संस्थाको कार्यसम्पादनमा अभिबृद्धि हुनेछ । संगठन तथा व्यवस्थापन सर्भेक्षणबाट नयाँ क्षेत्रको पहिचान भई र सुझाव समेत प्राप्त हुने बिश्वास लिएको छु ।

**प्रवक्ता तोकिएको**

यस परिषदले संस्थाका कार्यकारी निर्देशकलाई संस्थाको प्रवक्ता तोकेको छ । यसबाट संस्थाको गतिबिधिहरू सरोकारवालाहरू सम्म पुऱ्याउन सहयोग पुग्नेछ ।

**Enterprise Resource Planning (ERP)**

Enterprise Resource Planning (ERP) प्रणालीलाई यस वर्ष देखि परीक्षण पश्चात संस्थामा पूर्ण रूपमा प्रयोगमा ल्याईनेछ । यस व्यवस्थाबाट संस्थाका बिभिन्न बिभाग तथा शाखाका कार्यहरुवीच सामञ्जस्यता कायम गर्न सहज हुने र आन्तरीक प्रशासन सुधारमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

**लेखाव्यवसायी संस्था (फर्म) दर्ता गर्नुपर्ने अनिबार्यता**

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली २०५८ अनुसार, पौष मसान्त २०७१ भित्र संस्थाका प्रत्येक लेखाव्यवसायी प्रमाणपत्र प्राप्त सदस्यहरूले संस्थामा लेखाव्यवसायी संस्था (फर्म) दर्ता गर्नुपर्ने अनिबार्य गरेको छ । लेखाव्यवसायी संस्था (फर्म) दर्ता नगर्ने सदस्यहरूले पौष मसान्त पश्चात केवल पेशागत प्रमाणपत्रको आधारमा मात्र लेखापरीक्षण गर्न अयोग्य हुनेछन् ।

**एन.एफ.आर.एस कार्यान्वयन**

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले चरणबद्ध रूपमा आगामी तीन बर्ष भित्र एन.एफ.आर.एस पूर्ण रूपमा लागु गर्ने नीति अवलम्बनको घोषणा गरिसकेको छ । यसै सन्दर्भमा पहिलो चरणमा बहुर्राष्ट्रिय सूचिकृत कम्पनीहरू र सार्वजनिक क्षेत्रका सूचिकृत कम्पनीहरूले एन.एफ.आर.एस लागु गरी सोही अनुसार २०१४/१५को बितीय प्रतिवेदन तयार पर्ने आशा लिएको छ । यो चरण लेखापालक समुदायको लागि पाइलट अभ्यास र परीक्षणको समयको रूपमा रहेको छ ।

एन.एफ.आर.एस लागु गराउनु कयौं चुनौतिहरू छन् । एकातिर लेखा तयार कर्ताको अभाव रहेको छ भने अर्कोतिर नियमनकारी निकायको पनि प्रभावकारी भूमिका हुन सकिरहेको छैन । तसर्थ संस्थाले आगामी तीन बर्ष भित्र त्यस्तो समस्या निराकरणकालागि तालिम प्राप्त जनशक्तिको बिकास गर्न संस्थाको प्राथमिकता रहने छ ।

अन्तमा, मलाई निर्विरोध निर्वाचित गराउनुहुने पार्षद मित्रहरूलाई पूनः धन्यवाद दिन चाहन्छु । म संस्थाका सदस्यहरूलाई संस्थाको बिकास तथा लेखाव्यवसायको निमित्त आवश्यक पृष्टपोषण र सघाउ दिनुहुन समेत आग्रह गर्दछु । अर्को खबरपत्रमा संस्थाका बिकास कार्यक्रमका बारेमा यहाँलाई नियमित रूपमा जानकारी गराउने छु ।

धन्यवाद!!

सिए. नरेन्द्र भट्टराई
अध्यक्ष
सेप्टेम्बर ३०, २०१४

त्यसैगरी नव निर्वाचित उपाध्यक्ष सिए. प्रकाश लम्सालले संस्थाका नव निर्वाचित अध्यक्ष सिए. नरेन्द्र भट्टराईले पदभार तथा गोपनीयताको शपथ गराउनु भएको थियो । उहाँले उपाध्यक्ष पदमा निर्वाचित हुनु भन्दा पहिले यस परिषदमा पार्षदको जिम्मेवारी सम्हाल्नु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि माननीय अर्थमन्त्री डा. रामशरण महतले संस्थाले तयार पारेको रणनैतिक योजना २०१४/१५–२०१६/१७ सार्वजनिक गर्नुभएको थियो । कार्यक्रममा माननीय मन्त्रीज्यूले संस्था तथा यसका सदस्यहरूले मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराईले आफूलाई निर्विरोध निर्वाचित गराउनु हुने पार्षद ज्यूहरूलाई धन्यवाद दिनुभएको थियो । साथै उहाँले आफ्नो कार्यकाललाई सफल बनाउन पार्षद ज्यूहरू, भूतपूर्व अध्यक्षज्यूहरू, संस्थाका कर्मचारीहरू बिभिन्न निकायहरू लगायतको सरोकारवबलाहरूबाट सहयोग प्राप्त हुने कुरामा आफू विश्वस्त रहेको धारणा राख्नुभएको थियो । लेखाव्यवसायको विकासको लागि आफ्नो वार्षिक कार्ययोजना, नीति तथा कार्यक्रम प्रस्तुत गर्नुका साथै अघिल्लो कार्यकालमा गर्न बाँकी रहेका कार्यहरूलाई समेत निरन्तरता दिई सम्पन्न गरिने बताउनु भयो ।

कार्यक्रममा साफाका अध्यक्ष सिए. सुवोध कुमार अग्रवालले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा द्रुत गतिमा गरेको विकासको प्रशंसा गर्दै यस संस्थाले लेखाव्यवसायको विकासमा ठूलो योगदान दिनसक्ने धारणा राख्नु भयो । साफाले आफ्ना सदस्य राष्ट्रहरूलाई सहयोग गर्न सधै तत्पर रहेको बताउनु भएको थियो ।

कार्यक्रममा महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यले लेखाव्यवसायको क्षेत्रमा संस्थाले पुऱ्याएको योगदानको कदर गर्नुका साथै लेखाव्यवसायको बिकासको लागि सहयोग पुऱ्याउन महालेखापरीक्षकको कार्यालय प्रतिबद्ध रहेको धारणा राख्नुभएको थियो । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले अनुगमनमा जोड दिनुपर्ने, आचार संहिता कार्यान्यन, वित्तीय प्रतिवेदन मापदण्ड लागु गर्ने क्रममा सत्रीयता आवश्यक रहेको बताउनु भयो । त्यस्तै नियमनकारी निकायहरू वीचको सम्बन्धलाई बलियो बनाउनु पर्ने र सरकारलाई लेखा तथा लेखापरीक्षणको क्षेत्रमा सुझाव दिने तर्फ ध्यान दिनुपर्ने कुरामा जोड दिनुभएको थियो । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले आयोजना गर्ने बिभिन्न कन्फरेन्स, सेमिनारहरूले वित्तीय उत्तरदायित्व र पारदर्शिता बढाउन सहयोग पुग्ने धारणा समेत व्यक्त गर्नु भयो । उहाँले नवनिर्वाचित अध्यक्ष तथा उपाध्यक्षलाई बधाई तथा कार्यकालको सफलताको शुभकामना दिनुभएको थियो ।

प्रमुख वक्ता माननीय अर्थमन्त्री डा. रामशरण महतले देशको आर्थिक बिकासको क्षेत्रमा लेखा तथा लेखाव्यवसायीको महत्वको बारेमा आफ्नो धारणा राख्नु भएको थियो । निष्पक्ष रूपमा गरेको लेखापरीक्षणले समाजमा यस व्यवसाय प्रति विश्वास बढ्नुका साथै लगानी मैत्री बातावरण सृजनामा योगदान पुग्ने धारणा समेत कार्यक्रममा राख्नु भएको थियो । उहाँले हाल देशमा बिद्यमान प्रमुख दुई चुनौतिहरूमा संबिधान निर्माण र ठूलो आर्थिक बृद्धि हासिल गर्नु रहेको धारणा राख्नु भयो । तुलनात्मक रूपमा दक्षिण एशिया भन्दा पूर्वी एशिया बिकासमा अघि रहनुमा पूर्वी एशियाले प्रति व्यक्ति आय र राष्ट्रिय आयलाई जोड दिएको तर दक्षिण एशियाले राजनीतिलाई महत्व दिएको देखिएको धारणा राख्नुभएको थियो । मुलुकमा लेखाव्यवसायको विकासमा सहयोग पुऱ्याउन अर्थमन्त्रालय सकारात्मक रहेको धारणा समेत राख्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि तथा अतिथिहरूलाई नव निर्वाचित अध्यक्ष सिए. नरेन्द्र भट्टराईले मायाको चिनो प्रदान गर्नुभएको थियो ।

कार्यक्रमलाई समापन गर्ने क्रममा नव निर्वाचित उपाध्यक्ष सिए. प्रकाश लम्सालले नव निर्वाचित अध्यक्षलाई सहयोग गर्ने वाचा गर्दै निबर्तमान अध्यक्षलाई उहाँको

कार्यकाल सफलताका साथ सम्पन्न गर्नु भएकोमा बधाई तथा धन्यवाद दिनु भयो । अन्तमा सहभागी सबैलाई धन्यवाद दिनु हुदैं कार्यक्रमको समापन भएको घोषणा गर्नुभएको थियो ।

### उत्कृष्ट वार्षिक प्रतिवेदन पुरस्कार वितरण

छैठौं परिषदको दोश्रो कार्यकालका अध्यक्ष तथा उपाध्यक्षको शपथग्रहण कार्यक्रमको अवसर पारेर संस्थाले २ श्रावण २०७१ मा २०७० (ई.सं २०१३) सालको उत्कृष्ट वार्षिक प्रतिवेदन पुरस्कारको घोषणा गर्‍यो ।



माननीय अर्थमन्त्री डा. रामशरण महत उत्कृष्ट वित्तीय प्रतिवेदन तयार गर्ने विजयी संस्थाका प्रतिनिधिलाई पुरस्कार वितरण गर्नुहुंदै ।

समारोहमा उत्कृष्ट वार्षिक प्रतिवेदन तयार गर्ने विजयी संस्थाहरूलाई कार्यक्रममा प्रमुख अतिथि माननीय अर्थमन्त्री डा. रामशरण महतले पुरस्कार प्रदान गर्नुभएको थियो ।

२०१३ को लागि जम्मा ३ बिधामा उत्कृष्ट वार्षिक प्रतिवेदन पुरस्कार प्रदान गरिएको थियो । पुरस्कारको लागि बिजयी हुन आवश्यक न्यूनतम अंक प्राप्त गर्न सफल जम्मा ४ बटा निकायहरूलाई मात्र यस पटक संस्थाले पुरस्कार प्रदान गरेको छ । पुरस्कार प्राप्त गर्न सफल बैंकिङ्, मेनुफेक्चरिङ् तथा सार्वजनिक क्षेत्रतर्फ निम्न बमोजिम निकायहरू विजेता तथा उप विजेता घोषित भएका थिए ।

| क्र.सं | क्षेत्र | विजेता | उप विजेता |
|---|---|---|---|
| 1 | Banking Sector (Private and Public) | नबिल बैंक लिमिटेड | स्टान्डर्ड चार्टर्ड बैंक (नेपाल) लिमिटेड |
| 2 | Manufacturing and General Sector | बुटवल पावर कम्पनी लिमिटेड | - |
| 3 | Public Sector Entities | कर्मचारी सञ्चय कोष | - |

कार्यक्रममा विजयी संस्थाहरूको प्रतिनिधित्व गर्दै कर्मचारी सञ्चयकोषका व्यवस्थापक सिए. कृष्ण आर्चायले आफ्नो धारणा राख्नुभएको थियो । यस्तो कार्यक्रम आयोजनाबाट बिभिन्न क्षेत्रमा तयार पारिने बार्षिक प्रतिवेदनको गुणस्तरको स्तरमा अभिबृद्धिहुने विश्वास गरिएको छ ।

वार्षिक प्रतिवेदनहरूको मूल्यांकन साफाद्वारा तयार गरिएको रूपरेखाको आधारमा हुने गर्दछ । नेपालमा उत्कृष्ट घोषित भएका प्रतिवेदनहरूलाई दक्षिण एशियाली लेखाव्यवसायी महासंघ (साफा) स्तरीय प्रतियोगितामा प्रतिस्पर्धाको निमित्त पठाउने गरिन्छ ।

संस्थाले सन् २००३ देखि कम्पनी तथा संघ संस्थाद्वारा सार्वजनिक जानकारीका लागि प्रकाशित गरिने वार्षिक विवरण मध्ये वर्षको उत्कृष्ट वार्षिक प्रतिवेदनलाई BPA Award बाट पुरस्कृत गर्दै आएको छ । वार्षिक प्रतिवेदनलाई कर्पोरेट गभर्नेन्सको अवधारणा लागु गराउने राम्रो औजारको रूपमा लिइन्छ ।

### साफा अन्तर्राष्ट्रिय कन्फरेन्स तथा साफा बोर्ड बैठक, काठमाडौं



साफा अन्तर्राष्ट्रिय कन्फरेन्सको एक झलक

संस्थाले श्रावण ३, २०७१मा साफा इन्टरनेशनल कन्फरेन्सको आयोजना गर्‍यो । Governance for Creating Enabling Environment for Economic Development प्रमुख विषय रहेको सो कन्फरेन्स ३ सेसनमा संचालन गरिएको थियो । कन्फरेन्सका बिभिन्न सेसनमा पेनलका सहभागीहरू बीच छलफल भएको थियो।

कन्फरेन्समा संस्थाका सदस्य लगायत बिभिन्न बिदेशी राष्ट्रहरूका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । सो कन्फरेन्स बिभिन्न क्षेत्रका व्यवसायिक लेखापालक, लेखापरीक्षक, संस्थाका सदस्य र अन्य इच्छुक व्यक्तिहरूलाई मध्यनजर गरी संचालन गरिएको थियो ।



साफा बोर्डको ३४औं बैठकका सहभागीहरूको सामुहिक तस्विर ।

संस्थाले साफा बोर्डको ३४औं मिटिङ्ग समेत आयोजना गरेको थियो । मिटिङ्गमा साफा राष्ट्रका  लेखाव्यवसायीहरूको संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । बोर्ड मिटिङ्गमा बिभिन्न विषय माथि छलफल भएको थियो ।

### अध्यक्षसंगको अन्तरक्रिया कार्यक्रम, बिराटनगर

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, विराटनगर शाखाले बिराटनगरमा नव निर्वाचित अध्यक्षसंग बिभिन्न क्षेत्रका व्यक्तिहरू बीच अन्तरक्रिया गराउने उद्देश्यले मिति २०७१/०४/१६ मा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्‍यो ।



अन्तरक्रिया कार्यक्रमको एक झलक

कार्यक्रमको अध्यक्षता बिराटनगर शाखा समन्वय समितिका संयोजक सिए. अश्विनी बंशलले गर्नुभएको थियो । प्रमुख अतिथिको रूपमा पूर्वाञ्चल बिश्वबिद्यालयका उपकुलपति (Vice Chancellor) श्री सिरिश रिसाल रहनु भएको कार्यक्रममा संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराई, माननीय सभासद पवनकुमार शारदा, पूर्वान्चलका डिआईजी, पार्षद आरए. मोहनकुमार सुवेदी, सहायक प्रमुख जिल्ला अधिकारी, पूर्व शाखा संयोजक सिए. पवन राठी, अडान क्षेत्रीय अध्यक्ष श्री विजयहरि शर्मा लगायत बिराटनगर शाखा समन्वय कमिटिका सदस्यहरूको समेत उपस्थिति रहेको थियो । कार्यक्रमको आरम्भमा बिराटनगर शाखाका संयोजक सिए. अश्विनी बंशलले कार्यक्रमका सहभागीहरूलाई स्वागत गर्नु हुंदै सो अवसरमा उहांले बिराटनगर शाखाको गतिविधि र भावि कार्ययोजनाको बारेमा जानकारी गराउनु भएको थियो । कार्यक्रममा संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराईले संस्था तथा समग्र लेखाव्यवसायी विशेषतः सरोकारवाला पक्षहरूले राखेको अपेक्षा र संस्था तथा लेखाव्यवसायीहरूको कार्यप्रणाली वीच रहेको खाडल (Expectation Gap) बारेमा आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा बिभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तिहरू समेत ६० जना भन्दा बढी महानुभावहरूको सहभागिता थियो ।

### कर सम्बन्धी कार्यशाला गोष्ठी, बिराटनगर

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको बिराटनगर शाखाले बिराटनगरमा २०७१/०४/१६ मा कर सम्बन्धी कार्यशाला गोष्ठी संचालन गर्‍यो । आर्थिक अध्यादेश, २०७१ मा केन्द्रित भई "Amendments in Income Tax, VAT and

Excise by Finance Act 2071" विषयमा आयोजित कार्यशाला गोष्ठीलाई तीन सत्रमा संचालन गरिएको थियो ।

कार्यक्रमको समापन सत्रमा संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराईले क्षेत्रीय स्तरमा गरिने यस प्रकारका कार्यक्रमबाट लेखाव्यवसायी र सरोकारवालाहरू लाभान्वित हुने धारणा राख्नुभएको थियो । समापन सत्रको अध्यक्षता बिराटनगर शाखाका शाखा समन्वय समितिका संयोजक सिए. अश्विनी बंशलले गर्नुभएको थियो । कार्यक्रमलाई समापन गर्ने क्रममा आरए. प्रकाश नारायण चौधरीले आफ्नो भनाई राख्दै सहभागी सबैमा धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यक्रममा ९० जनाको सहभागिता रहेको थियो ।

### संस्थाको नव निर्मित भवन उद्घाटन सम्पन्न

मिति २०७१/०३/२९ मा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवज्यूले ललितपुरको सातदोबाटो स्थित नेपाल सरकारद्वारा लिजमा प्रदान गरिएको जग्गामा निर्मित भवनको एक विशेष कार्यक्रमका बीच समुद्घाटन गर्नुभयो ।



सम्माननीय राष्ट्रपति डा. रामवरण यादवज्यू संस्थाको नवनिर्मित भवनको उद्घाटन गर्नुहुंदै ।

संस्थाका तत्कालीन अध्यक्ष सिए. महेशकुमार गुरागाईंले प्रमुख अतिथि सम्माननीय राष्ट्रपति डा. रामवरण यादवलाई व्याच तथा फूल गुच्छा सहित कार्यक्रममा स्वागत गर्नुभयो । सो भवन नेपाल सरकारद्वारा लिजमा प्रदान गरिएको ललितपुरको सातदोबाटो स्थित जग्गामा संस्थाको लगानी, सरकारको आर्थिक सहयोगका साथै सदस्य तथा बिद्यार्थीहरुको योगदानबाट भवन निर्माण सम्पन्न भएको सम्माननीय राष्ट्रपति समक्ष जानकारी गराउनु भएको थियो । सम्माननीय राष्ट्रपतिद्वारा दीप प्रज्वलन गरी कार्यक्रमको बिधिवत शुभारम्भ गर्नु हुंदै भवनको औपचारिक रुपमा उद्घाटन गर्नुभएको थियो । औपचारिक रुपमा भवनको समुद्घाटन पश्चात संस्थाका भवन निर्माण समितिका सभापति एवं पूर्व अध्यक्ष डा. सिए. सुवोधकुमार कर्णले भवन निर्माण सम्बन्धी जानकारी एवं आर्थिक श्रोत बारेमा राष्ट्रपति एवं उपस्थित सवैमा जानकारी गराउनु भएको थियो । उहांले लामो समयको प्रयत्न पश्चात भवन निमार्ण सम्पन्न गर्न सकिएकोमा खुसी व्यक्त गर्दै सवैलाई धन्यवाद दिनुभएको थियो ।

कार्यक्रममा सहभागी साफाका अध्यक्ष सिए. सुवोधकुमार अग्रवालले यस भवनबाट नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले लेखाव्यवसायको विकासमा ठूलो योगदान पुग्ने विश्वास व्यक्त गर्नुभएको थियो ।

सो समारोहमा सम्माननीय राष्ट्रपतिज्यूबाट भवन निर्माण कार्यमा सहयोग र योगदान पुऱ्याउने भवन निर्माण समिति, पार्षदहरू, संस्थाका पूर्व अध्यक्षहरु, संस्थाका सल्लाहकार, संस्थाबाट भवन निर्माणमा प्रत्यक्ष संग्लग्न रही कार्य गर्ने संस्थाका कर्मचारीहरुलाई कदरपत्र प्रदान गरिएको थियो । सोही अवसरमा संस्थाका प्रथम अध्यक्ष सिए. कोमलबहादुर चित्रकारलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो । भवन निर्माण समितिका अध्यक्षबाट सम्माननीय राष्ट्रपति, महालेखापरीक्षक, साफाका अध्यक्षलाई मायाको चिनो प्रदान गरिएको थियो ।

उक्त समारोहमा सम्माननीय राष्ट्रपतिज्यूले लेखा तथा लेखापरीक्षणको महत्व र आर्थिक तथा सामाजिक विकासमा संस्थाको ठूलो भूमिका रहने भएकोले त्यस तर्फ संस्थाले आफ्नो व्यवसायिक तथा उत्तरदायी पूर्ण भूमिका निर्बाह गर्न सुझाव दिनु भयो ।

कार्यक्रमलाई समापन गर्ने क्रममा संस्थाका तत्कालीन उपाध्यक्ष सिए. नरेन्द्र भट्टराईले सम्माननीय राष्ट्रपति लगायत उपस्थित सबैलाई समारोहमा उपस्थितिको लागि धन्यवाद व्यक्त गर्नुभएको थियो ।

### कार्यशाला गोष्ठी, बीरगंज

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले २०७१/०६/०३ गते बीरगंजमा "Amendments in Income Tax, VAT and Excise by Finance Act 2071, Introduction of IFRS & Anti Money Laundering" सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न गऱ्यो । संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराईले कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो ।

कार्यक्रमको समापन समारोहमा पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री हिमनाथ दवाडीको प्रमुख आथित्यमा बिरगंजका बिभिन्न कार्यालय प्रमुखहरू तथा संस्थाका अध्यक्षको समुपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो । प्रमुख जिल्ला अधिकारीले लेखापरीक्षणको गरिमा र हरियो मसीको महत्व निकै हुने भएकोले यस पेशामा लाग्ने प्रत्येक लेखापरीक्षकले मसीको महत्वलाई बुझेर लेखापरीक्षण गर्नुपर्ने धारणा राख्नुभएको थियो । सो कार्यक्रममा संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराईले संस्थाको बिविध गतिविधि तथा लेखा तथा लेखापरीक्षणको बारेमा प्रकाश पार्नु भएको थियो । कार्यक्रममा संस्थाका पूर्व पार्षद तथा अडानका केन्द्रीय उपाध्यक्ष आरए. कृष्ण पौडेलले पनि आफ्नो मन्तव्य राख्नुभएको थियो ।

### संस्थाको प्रवक्ता तोकेको

संस्थाको परिषदको १९०औं बैठकले संस्थाका कार्यकारी निर्देशक विनयप्रकाश श्रेष्ठलाई संस्थाको आधिकारिक प्रवक्तामा निर्वाचित गरेको छ ।

### महालेखापरीक्षकसंगको बैठक

संस्थाका पदाधिकारीहरूको एक टोलीले महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यसंग १३ भाद्र २०७१ मा Public Sector Enterprises हरुमा NFRS लागु सम्बन्धमा, गाबिसको लेखापरीक्षण सम्बन्धमा र अन्य समसामयिक विषयमा बैठक सम्पन्न भयो । उक्त बैठकमा संस्थाको तर्फबाट संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराइ, उपाध्यक्ष सिए. प्रकाश लम्साल, कार्यकारी समितिका सदस्यहरु र संस्थाका कार्यकारी निर्देशक सिए. विनयप्रकाश श्रेष्ठले भाग लिनुभएको थियो ।

### शुभकामना आदान प्रदान

दशैंको शुभ अवसरमा आश्विन १०, २०७१ मा संस्थामा संस्थाका अध्यक्ष तथा उपाध्यक्षसंग संस्थाका कर्मचारीहरु वीच शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो । सो भेटघाटको उद्देश्य संस्थाका कमचारीहरुसंग परिचय आदान प्रदान साथै दशैंको शुभकामना आदान प्रदान गर्नु रहेको थियो । भेटघाटमा संस्थाका कार्यरत कर्मचारीहरूले अध्यक्ष समक्ष बिबिध सुधारको क्षेत्र तथा समस्याबारेमा आफ्नो धारणा राखेका थिए भने अध्यक्षले संस्थालाई आफूले गरेका र आगामी प्रस्तावित कार्यहरूको बिवरण प्रस्तुत गर्नुभएको थियो । सोही अवसरमा उपाध्यक्ष सिए. प्रकाश लम्साललले पनि संस्थाको बिकास सम्बन्धी आफ्नो धारणा राख्नुभएको थियो ।

### बोर्ड अध्यक्षमा नियुक्ती

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा १५ (घ) बमोजिम नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०७१/०३/१० को निर्णय अनुसार लेखापरीक्षण बोर्ड नेपालको अध्यक्ष पदमा सिए. सुनिरकुमार ढुंगेल नियुक्त हुनुभएको छ । उहांले यस अघि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको अध्यक्षको हैसियतमा आफ्नो भूमिका निर्वाह गरिसक्नु भएको थियो ।

## सदस्य सम्बन्धी गतिविधि

### आर्थिक वर्ष २०७०/७१ सदस्यता तथा पेशागत स्थिति

| सदस्यता | सदस्य | | | | कूल सदस्य | पेशागत प्रमाणपत्र | नेपालमा रहेका सदस्य | विदेशमा रहेका सदस्य |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | नेपालबाट उत्तीर्ण | बिदेशबाट उत्तीर्ण | | | | |
| एफसिए/सिए | ६३ | ६८९ | १७६ | ५७६ | ७५२ | ६०७ | ६७८ | ७४ |
| नवीकरण | ५५२ | | | | ५५२ | २७७ | | १४ |
| नवीकरण नभएको | २०० | | | | २०० | ३३० | | ६० |
| आरए. | १४६ | ७१३० | ० | ० | ७२७६ | ६७०५ | ७२७२ | ४ |
| नवीकरण | ४४६१ | | ० | ० | ४४६१ | ३५६६ | | ० |
| नवीकरण नभएको | २८१५ | | ० | ० | २८१५ | ३१३९ | | ४ |
| कूल | २०९ | ७८१९ | १७६ | ५७६ | ८०२८ | ७३१२ | ७९५० | ७८ |

आर्थिक बर्ष २०७०/७१ को प्रतिवेदन अवधिसम्म चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा दर्ता भएका कूल ८०२८ सदस्य मध्ये २०९ महिला तथा ७८१९ पुरूष रहेका थिए । जसमा ७५२ चार्टर्ड एकाउन्टेन्ट्स सदस्य र ७२७६ आरए. सदस्यहरू थिए । दर्ता सदस्यहरुमध्ये ५५२ सिए. सदस्य र ४४६१ आरए. सदस्यले सदस्यता नवीकरण गराएका थिए । त्यसैगरी सो आर्थिक बर्षसम्मा कूल ७३१२ ले पेशागत प्रमाणपत्र लिएकोमा २७७ सिए र ३५६६ आरए सदस्यले पेशागत प्रमाणपत्र नवीकरण गराएका थिए । उक्त आर्थिक बर्षमा ७९५० सदस्य नेपालमा र ७८ सदस्य बिदेशमा रहेका थिए ।

### सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्था सम्बन्धमा

१ श्रावण २०७१ देखि २०७१ आश्विन १४ सम्म सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्था स्थिति तथा नवीकरणको स्थिति निम्न बमोजिम रहेको छ ।

| सदस्य | सदस्यता | | पेशागत प्रमाणपत्र | | लेखाव्यवसायी संस्था | |
|---|---|---|---|---|---|---|
| | कूल | नवीकरण | कूल | नवीकरण | कूल | नवीकरण |
| एफसिए | २४० | १८५ | १८३ | ११६ | ५१७ | २४९ |
| सिए | ५२८ | ३३६ | ४३८ | १५१ | | |
| आरए. बी | ३३७४ | १८४२ | ३१३६ | १४२७ | ९५९ | ६८२ |
| आरए. सी | १६१० | ८१५ | १४७८ | ६९० | ३४७ | २०८ |
| आरए. डी | २२९२ | १२०५ | २०९९ | ११०१ | २४६ | १७० |
| कूल सदस्य | ८०४४ | ४३८३ | ७३३४ | ३४८५ | २०६९ | १३०९ |

## विद्यार्थी सम्बन्धी गतिविधि

### २०१४ जून महिनाको चार्टर्ड एकाउन्टेन्सी परीक्षाको परीक्षाफल प्रकाशित

संस्थाले जून २०१४ मा लिईएको चार्टर्ड एकाउन्टेन्सी कोर्ष अन्तर्गत बिभिन्न CAP I, CAP II र CAP III तहको अन्तिम परीक्षाको नतीजा १५ अगष्ट २०१४ मा प्रकाशित गरिएको छ । जून १ देखि ०९, २०१४ सम्म संचालित उक्त परीक्षामा सम्मिलित परीक्षार्थीहरूको नतीजा तहगत रूपमा निम्न बमोजिम रहेको छ ।

| क्र.सं | तह | बिद्यार्थी बिवरण | पहिलो समूह | दोश्रो समूह | दुवै समूह | कूल |
|---|---|---|---|---|---|---|
| १ | CAP I | परीक्षामा शामेल | २७२ | | | ४५१ |
| | | उत्तीर्ण संख्या | | | | |
| २ | CAP II | परीक्षामा शामेल | १६४ | १३५ | ५८८ | ८८७ |
| | | उत्तीर्ण संख्या | २७ | ७८ | २७ | १३२ |
| ३ | CAP III | परीक्षामा शामेल | ९० | ७६ | १२८ | २९४ |
| | | उत्तीर्ण संख्या | ४ | ४४ | २ | ५० |

परीक्षाको नतीजा अनुसार तहगत कूल बिद्यार्थी मध्ये CAP I मा २७२ (६०.३१ प्रतिशत), CAP II मा समूहगत रूपमा ६० र तहगत रूपमा ७२ जना (१४.८८ प्रतिशत) र CAP III मा समूहगत रूपमा ४४ र तहगत रूपमा ६ जना (१७.०१ प्रतिशत) उत्तीर्ण भएका छन् ।

### २०१४ जून महिनाको चार्टर्ड एकाउन्टेन्सी सदस्यता परीक्षाको परीक्षाफल प्रकाशित

भारतको ICAI बाट चार्टर्ड एकाउन्टेन्सी शिक्षा हासिल गर्ने व्यक्तिहरूले संस्थाको सदस्यता प्राप्त गर्न अनिवार्य रूपमा दुई विषयको परीक्षा उत्तीर्ण गर्नुपर्ने संस्थाको नियमावलीमा प्रावधान रहेको छ । संस्थाको सदस्यता परीक्षा उत्तीर्ण भएपछि मात्र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्राप्त गर्न सकिने व्यवस्था छ । सो प्रावधान अनुरूप जून २०१४मा सम्पन्न भएको परीक्षामा सामेल भएका १८१ परीक्षार्थी मध्ये २८ जनाले परीक्षा उत्तीर्ण गरेका छन् । परीक्षाको लागि कूल २०१ जनाले फारम भरेका थिए । परीक्षाको नतीजा १५ अगष्ट २०१४ मा प्रकाशित गरिएको थियो ।

### लेखा प्राविधिक परीक्षा सम्पन्न

सेप्टेम्बर २०१४ मा संस्थाबाट संचालित लेखाप्राविधिक परीक्षा सम्पन्न भएको छ । सेप्टेम्बर १७ देखि २१, २०१४ सम्म संचालित उक्त परीक्षामा १६ जनाले परीक्षा आवेदन फारम भरेकोमा १३ जनाले मात्र परीक्षा दिएका थिए । हरेक बर्ष मार्च र सेप्टेम्बर महिनामा लेखाप्राविधिकको परीक्षा लिने व्यवस्था छ ।

### Information System Audit (ISA) परीक्षाको नतीजा प्रकाशित

२८ जून, २०१४मा संचालित ISA परीक्षाको नतीजा २६ अगष्ट, २०१४ मा प्रकाशित भएको छ । दुई जना परीक्षार्थीले परीक्षा दिएकोमा कुनै परीक्षार्थीले पनि सफलता पाउन सकेनन् ।

## अन्तर्राष्ट्रिय सहभागिता

### बंगलादेश भ्रमण

बंगलादेशको Institute of Chartered Accountants of Bangladesh(ICAB) ले ८ देखि १० सेप्टेम्बर, २०१४ सम्म आयोजना गरेको SAFA Workshop, SAFA Conference, SAFA Committee, SAFA Board Meeting, मा अध्यक्ष सिए. नरेन्द्र भट्टराईले नेतृत्व गनुभएको ४ सदस्यीय प्रतिनिधि मण्डलले भाग लियो । प्रतिनिधी मण्डलका अन्य सहभागीहरूमा उपाध्यक्ष सिए. प्रकाश लम्साल, र पार्षद सिए. अच्यूतराज जोशी र पूर्व अध्यक्ष डा. सिए सुबोधकुमार कर्ण रहनुभएको थियो ।

### ICAB का अध्यक्ष, उपाध्यक्ष तथा पूर्व अध्यक्ष संगको बैठक

८ सेप्टेम्बर २०१४ मा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराई र उपाध्यक्ष सिए. प्रकाश लम्सालले ICAB का अध्यक्ष, उपाध्यक्ष तथा पूर्व अध्यक्षसंग सौहाद्रपूर्ण भेट गर्नु भयो । उहाँहरूले बंगलादेशको सिए परीक्षा तथा शिक्षा प्रणाली सम्बन्धमा बैठकमा जानकारी लिनुभएको थियो ।

### BASEL-II को प्रभाव सम्बन्धमा बंगलादेशमा आयोजित SAFA कार्यशाला गोष्ठीमा सहभागिता

८ सेप्टेम्बर २०१४ मा ICAB ले BASEL-II को प्रभाव सम्बन्धमा SAFA कार्यशाला गोष्ठी आयोजना गर्‍यो । कार्यशाला गोष्ठीमा नेपाल लगायत बंगलादेश, पाकिस्तान र श्रीलंकाका प्रतिनिधिले आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यशाला गोष्ठीमा नेपालको तर्फबाट संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराईले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

### अन्तर्राष्ट्रिय गोष्ठी : SAFA Accountnts for Growth- Perspective South Asia

९ सेप्टेम्बर २०१४ मा ICAB ले ढाकामा Accountnts for Growth-Perspective South Asia सम्बन्धी एक SAFA स्तरीय अन्तर्राष्ट्रिय गोष्ठी आयोजना गर्‍यो । गोष्ठी तीन सत्रमा बिभाजन गरी आयोजना गरिएको थियो । गोष्ठीको दोस्रो सत्रको अध्यक्षता संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराईले गर्नुभएको थियो ।

### SAFA Committee/Task Force Meeting

१० सेप्टेम्बर २०१४ मा ICAB ले बिभिन्न समिति र टास्क फोर्स बैठकको संचालन गर्‍यो । संस्थाको तर्फबाट संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराईले SAFA Committee on Professional Ethics and Independence, SAFA Task Force to Implement BASEL II Report in SAARC Countries, and SAFA Committee for Improvement in Transparency, Accountability and Governance (ITAG) मा भाग लिनु भयो ।

### SAFA बोर्ड बैठक

बंगलादेशमा १० सेप्टेम्बर २०१४मा SAFA बोर्ड बैठक सम्पन्न भयो । बैठकमा बिभिन्न समितिहरू र कार्यदलले बैठकमा प्रतिवेदन पेश गरेका थिए । बैठकले पेश भएका प्रतिवेदनको सह्राना गर्नुका साथै प्रतिवेदन उपर छलफल गरी अनुमोदन गरेको थियो । बैठकले साफाको बिकासको निमित्त भएका क्रियाकलापका साथै हाल साफाका बिद्यमान व्यवस्था माथी समेत छलफल भएको थियो ।

## एक व्यक्ति एक पेशा क्रमिक रुपमा लागु गर्ने बारे सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ बमोजिम मिति २०६७ पौष २० गते देखि पूर्णकालीन सेवामा रहेका चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूलाई पेशागत प्रमाणपत्र रोक लगाउने कार्य भइसकेको र २०७० श्रावण १ गते देखि पूर्णकालीन सेवामा रहेका दर्तावाला लेखापरीक्षक सदस्यहरूलाई पेशागत प्रमाणपत्र रोक लगाउने व्यवस्था रहेको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम १ को उपनियम (२) को प्रतिबन्धात्मक हरफ "एक व्यक्ति एक पेशाको प्रावधान" दर्तावाला लेखापरीक्षक सदस्यहरूलाई २०७० श्रावण ०१ गतेदेखि प्रारम्भ गर्ने भएकोमा सो व्यवस्थालाई यथावत राखी निम्नानुसार क्रमिक रूपमा लागु गर्ने निर्णय भएको छ ।

**प्रथम चरण २०७०।७१**

२०७० श्रावण ०१ गतेदेखि लेखापरीक्षण गर्न नपाउने संस्थाहरूः

क) सबै पब्लिक कम्पनीहरु तथा २ करोड भन्दा बढीको प्राईभेट कम्पनीहरू,

ख) ५ करोड भन्दा बढी रकमको बचत तथा ऋण सहकारी संस्थाहरू, र

ग) २ करोड भन्दा बढी रकमको निजी तथा साझेदारी फर्महरू, उद्योगहरू

उपरोक्त बाहेकका सबै निकायहरूको लेखापरीक्षण गर्न पाउने ।

**दोश्रो चरण २०७२।७३**

२०७२ श्रावण ०१ गतेदेखि लेखापरीक्षण गर्न नपाउने संस्थाहरूः

क) सबै पब्लिक कम्पनीहरु

ख) रू. २ करोड रकमसम्मका शैक्षिक संस्थाहरू बाहेकका प्राईभेट कम्पनीहरू

ग) ग्रामिण क्षेत्र बाहेकका कर लाग्ने सबै बचत तथा ऋण सहकारी संस्थाहरू, र

घ) सबै निजी तथा साझेदारी फर्महरू, उद्योगहरू

उपरोक्त बाहेकका सबै निकायहरूको लेखापरीक्षण गर्न पाउने ।

**२०७४ साल श्रावण ०१ गतेदेखि एक व्यक्ति एक पेशा पूर्ण रूपले लागु हुनेछ ।**

## आ.व. २०७१/७२ को सि.पि.ई. तालिम कार्यक्रम

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको आ.ब. २०७१/७२ मा संचालन हुने तालिमहरू निम्न मिति र स्थानमा संचालन हुने भएकोले इच्छुक सदस्य महानुभावहरूले आफ्नो उपयुक्त स्थान र मितिमा सम्बन्धित संस्थाहरूसंग सम्पर्क गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | मिति | स्थान | संचालन गर्ने संस्थाहरू |
|---|---|---|---|
| १. | २०७१ माघ २, ३ र ४ | दाङ्ग/वाग्लुङ | ICAN/PRISM |
| २. | २०७१ माघ २३, २४ र २५ | महेन्द्रनगर/भैरहवा | ICAN/AuDAN |
| ३. | २०७१ फागुन १, २ र ३ | इलाम/पोखरा | AuDAN/AuDAN |
| ४. | २०७१ फागुन ८, ९ र १० | विराटनगर | PS |
| ५. | २०७१ फागुन १५, १६ र १७ | वीरगंज/धनगढी | PS/AuDAN |
| ६. | २०७१ फागुन २२, २३ र २४ | विर्तामोड/सुर्खेत/काठमाडौं/जनकपुर | ICAN/CAI/ICAN/AuDAN |
| ७. | २०७१ फागुन २९, ३० र चैत्र १ | हेटौडा/नेपालगंज | ICAN/ AuDAN |
| ८ | २०७१ चैत्र ६, ७ र ८ | विराटनगर/नारायणघाट | AuDAN/PS |
| ९. | २०७१ चैत्र २०, २१ र २२ | काठमाडौं/बुटवल/पोखरा | AuDAN/PS/PRISM |
| १०. | २०७१ चैत्र २७, २८ र २९ | काठमाडौं | ICAN |
| ११. | २०७२ वैशाख ११, १२ र १३ | काठमाडौं | AuDAN |
| १२. | २०७२ वैशाख २५, २६ र २७ | काठमाडौं | ICAN |
| १३. | २०७२ जेठ १, २ र ३ | काठमाडौं | AuDAN |
| १४. | २०७२ जेठ ८, ९ र १० | काठमाडौं | CAI |
| १५. | २०७२ जेठ १५, १६ र १७ | काठमाडौं/काठमाडौं | ICAN/AuDAN |
| १६. | २०७२ जेठ २२, २३ र २४ | काठमाडौं | AuDAN |
| १७. | २०७२ जेठ २९, ३० र ३१ | काठमाडौं | PS |
| १८. | २०७२ असार ४, ५ र ६ | काठमाडौं/काठमाडौं | ICAN/AuDAN |
| १९. | २०७२ असार ११, १२ र १३ | काठमाडौं/काठमाडौं | AuDAN/PS |
| २०. | २०७२ असार १८, १९ र २० | काठमाडौं | ICAN |

उपरोक्त अनुसारका तालिम नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका साथै निम्न संघ संस्थाहरूद्वारा संचालन गर्ने व्यहोरा समेत जानकारी गरिन्छ ।

१. नेपाल अडिटर्स एशोशियसन (AUDAN) काठमाण्डौ, फोनः ०१-४१०२०२३
२. सि.ए.आई. (प्रा) लि.(CAI), काठमाडौं फोनः ०१- ४१६८०५१, ४१६८०२३, ४२२५९३५
३. प्रिजम सेन्टर अफ लर्निङ्ग (PRISM), पोखरा फोनः ०६१- ५३७६४९
४. प्रोफेशनल सोलुशन (PS) फोनः ०१-४२१५५३६, ९८४१५५८३९०

पुनश्चः प्राविधिक कारणले उपरोक्त समय तालिकामा हेरफेर हुनसक्ने छ । हेरफेर भएको अवस्थामा सूचना मार्फत जानकारी गराइने छ ।

### विस्तृत जानकारीको लागि सम्पर्क

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था बबरमहल, काठमाडौं लगायत संस्थाका शाखा कार्यालयहरूः

Biratnagar Branch Office: Tel. 021-471395 | Butwal Branch Office: Tel. 071-543629
Pokhara Branch Office: Tel. 061-537679 | Birgunj Branch Office: Tel. 051-522660
Nepalgunj Branch Office: Tel 081-525916

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको अनिवार्य रुपमा लेखाव्यवसायी फर्म दर्ता गर्ने बारे सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५७ (१) मा लेखाव्यवसाय संचालन गर्ने सदस्यले एकल (सोल प्रोपाइटरशीप) वा आफ्नो श्रेणी वा बर्गका एक भन्दा बढी सदस्यहरू साझेदार भई साझेदारी फर्म दर्ता गराउनु पर्नेछ भन्ने व्यवस्था गरिएको छ । हाल यस संस्थाका कतिपय सदस्यहरूले यस व्यवस्था बमोजिम लेखाव्यवसायी फर्म दर्ता नगराई लेखाव्यवसाय संचालन गरेको जानकारी प्राप्त भएको ले **२०७१ पौष मसान्त भित्र** लेखाव्यवसाय संचालन गर्ने सबै सदस्यले अनिवार्य रूपमा यस संस्थामा एकल (सोल प्रोपाइटरशीप) वा साझेदारी लेखाव्यवसायी फर्म दर्ता गराउनु हुन जानकारी गराइन्छ । उपरोक्त बमोजिमको समय पश्चात लेखापरीक्षण फर्मको नामबाट मात्र लेखाव्यवसाय संचालन गर्न पाईने व्यहोरा समेत सूचित गरिन्छ ।

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको The Association of Certified Chartered Accountants (ACCA), UK को विषय छुट सम्बन्धी जरुरी सूचना

The Association of Certified Chartered Accountants (ACCA), UK को परीक्षा उत्तीर्ण भई सो संस्थाको सदस्यता हासिल गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्राप्त गर्न चाहने व्यक्तिको निमित्त देहाय बमोजिमको व्यवस्था लागु गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

### विषय छुट सम्बन्धी व्यवस्था

ACCA UK को अन्तिम तहको परीक्षा उत्तीण गरी, तालिम प्राप्त गरेर सो संस्थाको सदस्यता प्राप्त व्यक्तिलाई चार्टर्ड एकाउन्टेन्सी शिक्षाको आधारभूत तह (CAP I) र मध्यम तह (CAP II) को सम्पूर्ण विषय छुट हुनेछ । विषय छुटको सुविधा प्राप्त गर्न योग्य व्यक्तिले संस्थामा तोकिए बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ । यसरी निवेदन पेश गर्दा निम्न बमोजिमका कागजातहरूको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्ने छ ।

- ❖ ACCA UK बाट अन्तिम तहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र र लब्धाङ्कपत्रको प्रमाणित प्रतिलिपी ।
- ❖ ACCA UK को सदस्यता प्राप्त गर्न आवश्यक तालिम सम्पन्न गरेको प्रमाणपत्र ।
- ❖ ACCA UK बाट जारी भएको सदस्यता प्रमाणपत्र ।

### शुल्क सम्बन्धी व्यवस्था

CAP III तहमा दर्ता गर्न लाग्ने शुल्क, आवेदन शुल्क र विषय छुट शुल्क बापतको रकम बुझाई सोको रसिद संलग्न गर्नुपर्ने छ ।

### नाम दर्ता गराउने सम्बन्धी

CAP I, CAP II को विषय छुटको सुविधा प्रप्त गरेमा त्यस्तो व्यक्तिले चार्टर्ड एकाउन्टेन्सी शिक्षाको अन्तिम तह/CAP III मा भर्ना हुनको लागि नियमावलीको नियम ३ (३) बमोजिम संस्थामा नाम दर्ता गराउनु पर्नेछ । CAP III मा भर्ना भएका व्यक्तिलाई ३ बर्षको पंजिकृत प्रशिक्षण तथा चार्टर्ड एकाउन्टेन्सी शिक्षा अध्ययन सम्बन्धी ऐन तथा नियमका अन्य सम्पूर्णहरू लागु हुनेछन् ।

बिस्तृत जानकारीको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको ACCA, UK विषय छुट सम्बन्धी कार्यबिधि, २०७१ संस्थाको Web site: www.ican.org.np मा हेर्न सकिनेछ ।

टिकट


प्रकाशक : सम्पादन समिति

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

THE INSUTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL

(Established under the Nepal Chartered Accountants Act, 1997)

बबरमहल, काठमाडौं, पो.ब.नं. ५२८९, फोनः ०१-४२५८५६९/४२६९१३०/२०३००२१
फ्याक्सः ००९९७-१-४२५८५६८, इमेलः ican@ntc.net.np, वेवसाइटः www.ican.org.np

शाखाहरूः विराटनगर, बुटवल, वीरगञ्ज, पोखरा, नेपालगञ्ज